# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
## सानीभेरी गाउँपालिका
## रुकुम पश्चिम




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं – ५५

मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
सानीभेरी गाउँ कार्यपालिकाको कार्यालय,
सिम्ली, रुकुम(पश्चिम) ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महा-निर्देशनालय
(प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः
च.नं. ८५

मितिः २०७७।३।२८

श्री अध्यक्षज्यू,
सानीभेरी गाउँ कार्यपालिकाको कार्यालय,
सिम्ली, रुकुम(पश्चिम) ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

कैफियत सहितको राय

हामीले सानीभेरी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्वन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ असार ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्वन्धित अन्य विवरणले स्थानीयतहसँग सम्वन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्तगर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. २ करोड १५ लाख ६८ हजार वेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५ लाख ४८ हजार, अनियमित भएको रु. १ करोड ९५ लाख ८८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ लाख ८२ हजार र पेश्की बाँकी रु. ११ लाख ५० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराका सम्वन्धमा मिति २०७६।५।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १९ (उण्डाइस) यसै साथ सम्लग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखाप्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२८
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक



email : oagnep@ntc.net.np, info@oag.gov.np
Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | उल्लेखित कारोबारको समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, कार्यालयले पेश गरेको आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखा परीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा जोखिममा आधारित लेखापरीक्षण योजना अनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापनपक्षसंग मिति २०७६/५/१८ मा छलफल सम्पन्न गरी कायम रहेका व्यहोरा निम्न अनुसार छन । | |
| | **परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न सानीभेरी गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाँउ कार्यपालिकाको उद्देश्य रहेको छ। यस पालीकालाई ११ वडामा बिभाजन गरिएको छ भने ५९ सभा सदस्य रहेका छन ।<br>संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं ६ अर्न्तगत रुकुम (पश्चिम) जिल्लाको दक्षिण पश्चिममा अबस्थित छ । २०७३ फागुन २७ को नेपाल सरकारको निर्णय बमोजिम २०७३ चैत्र ९ मा यस गाँउपालिकको स्थापना भएको हो । जिल्ला सदरमुकाम मुसिकोटदेखि करिब १७ किलोमिटर पश्चिमतर्फ रहेको यस गाँउपालिकाको क्षेत्रफल १३३.८ बर्ग किलोमिटर र गाउपालिकाले गरेको २०७५ को जनगणना अनुसार २४,२२१ जनसंख्या रहेको छ । | |
| | **असूली** : लेखापरीक्षण कममा कर कट्टा नगरी भुक्तानी दिएको भनि बेरुजू औल्याएको रु ७४७०/ अशुल भई दाखिला भएको छ । | |
| | **स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउ कार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायताको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ : | |

**संचित कोषको विवरण**
**सानीभेरी गाँउ कार्यपालिकाको कार्यालय**
**आर्थिक वर्ष २०७५।७६**

| सि. नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | सशर्त अनुदान खर्च | १३११९९०००। |
| | क) नगद | | २ | समानिकरण अनुदान खर्च | १९१११८२१३९। |
| | ख) बैंक | ५३९९९०७६। | ३ | वित्तीय व्यवस्था भुक्तानी | |
| २ | राजस्व (आन्तरिक आय) | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ३८५८४९८। | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ५४४६८४७७। | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | ५०००००। | ४ | लगानी | |
| ३ | वित्तीय हस्तान्तरण | | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ८२४००००0। | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १३११९९०००। | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | धरौटी फिर्ता | ८२१७९४४। |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | | ६ | कोष खर्च (निकासा फिर्ता) | |
| | ङ) अर्थ वजेट | | | ङ) अर्थ वजेट | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७ | मौज्दात | |
| | क)वित्तीय समानीकरण अनुदान | ४९९२००० / | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | | | ख) बैंक मौज्दात धरौटी | ७१४५९४१। |
| | ग) समपूरक अनुदान | | | समानिकरण अनुदान र राजस्व | ९०३५९१२। |
| | घ) विशेष अनुदान | | | हेल्भेटास वाँकी रकम | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | साना सिंचाई कार्यक्रम | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | पुरानो योजना वाँकी | |
| | क) ऋण प्राप्ति | | | विविध मौज्दात | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | सामाजिक सुरक्षा (३६५०१५३) | २४१९०४०० । | | | २४१९०४००। |
| ८ | वहुक्षेत्रिय पोषण (३६५८४७३) | १४२९९८५ । | | | १४२९९८५। |
| ९ | गरिवसंग विश्वेश्वर (३१२२०५३) | ३९४०००। | | | ३९४०००। |
| १० | प्रदेश तथा स्थानिय तह क्षमता अभिवृद्धी (३६५१५८३) | २०७०००। | | | २०७०००। |
| ११ | प्रदेश समपुरक अनुदान (७०६३२३५२३) | ६५००००० । | | | ६५०००००। |
| १२ | प्रधानमन्त्रि रोजगार (३७११०८३) | ३५७८४१५ । | | | ३५७८४१५। |
| १३ | विभिन्न कोषतर्फको आय | | | | |
| १४ | जनसहभागिता (नगद) | | | | |
| १५ | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| १६ | धरौटी आय | | | | |
| १७ | लगानीको साँवा फिर्ता | | | | |
| १८ | अन्य विविध आय | | | | |
| | जम्मा | ३८३०८०७३६/ | | जम्मा | ३८३०८०७३६। |

कार्यालयबाट पेश भएको एकीकृत आर्थिक विवरणहरुबाट आय रु. ३६,७७,१६,८५१।- र व्यय रु. ३८,३०,८०,७३६।- देखिएको छ । आय भन्दा व्यय खण्ड रु.१,५३,६३,८८५।- ले बढी देखिएकोले जिम्मेवारी, आम्दानी, खर्च र मौज्दातमध्ये केमा फरक परेको हो सो को यकीन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु :**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ साउन २० मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ११ दिन पछि २०७५/५/१ मा प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । | |
| २. | **वजेट पेश तथा पारित :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउ सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७५ आषाढ १० भित्र पेश नगरी २०७५ असार २६ गते सभामा पेश गरी २०७५/४/२० मा मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिम आ.व. २०७५/७६ को आय तथा व्ययको अनुमान पेश गरेको छ :<br>**(क)** गाउँपालीकाले वडातर्फ पूर्वाधार तर्फ ४५ योजना, सामाजिक विकासमा २३४,योजना,आर्थिक बिकासमा२७,बाताबरण बिकासमा १९ रहेका छन । त्यसका अतिरिक्त गाउपालिका स्तरिय बिषयगत शाखा अर्न्तगत शिक्षातर्फ ५८,उर्जातर्फ ५,महिला बिकास तर्फ १३,कृषि तथा पशुतर्फ ७ , स्वास्थ्यतर्फ ६८ र अन्य बिबिध ३ आयोजना रहेका छन । बिपद व्यबस्थापनतर्फ ५,संस्थागत बिकासतर्फ १३ योजना स्वीकृत गरेको छ ।<br>**(ख)** सशर्त अनुदानमा प्राप्त स्वास्थ्य, शिक्षा, कृषि, आयुर्वेद र पशु विकासको लगि प्राप्त भएको रकम सोहि शिर्षकमा खर्च हुनेगरी व्ययको अनुमान स्वीकृत गरेको छ । सोमध्ये खर्च नभई बाँकी रहेको रकम रु आ ब २०७६/७७ को श्राबण महिनामा रु २८,२५,४०९/बेरुजू खातामा दाखिला गरेको छ ।<br>**(ग)** समग्रमा गाँउपालिको आय रु. ३३,१४,१७,०५१/मघ्ये रु ३२,२३,८१,१३९/व्यय भई रु ९०,३५,९१२/बैक बाँकी  देखिएको छ ।<br>**(ङ)** कार्यालयले धरौटी खातामा दाखिला गर्नु पर्ने भनि रु १,१३,०००/देखाए पनि धरौटी खातामा जम्मा गरेको पाइएन ।<br>**(च)** अन्तर सरकारी बित्त व्यबस्थापन ऐन,२०७४ को दफा ६ बमोजिम नेपाल सरकार,प्रदेश र स्थानीय तहबिच मुल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क बाँडफाँड गर्ने प्रयोजनका लागि संघिय बिभाज्य कोषमा जम्मा भएको रकम मध्ये यस गाँउपालिकालाई रु ६,४५,००,०००/ प्राप्त हुने गरी पत्र पठाएकोमा रकम पठाउँदा रु ५,२८,३८,१६८/८३ पठाएकोले रु १,१६,६१,८३२/ प्राप्त भएको देखिएन । तोकिए अनुसारको रकम नपठाएको अबस्थामा गाँउपालिकाको कार्यकम संचालनमा कठिनाई हुने हुँदा यर्थाथ पठाइने रकमको मात्र पत्र पठाउने र सोही अनुसार कार्यकम बनाउने व्यबस्था हुनु पर्दछ । | |
| ३. | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि साविक जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किताब, लेजर  लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता नराखेको,आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तीय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन । | |
| ४. | **सुत्रको प्रयोग :** गाँउपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार लागू गरेको देखियो । यस सफ्टवेयरमा रकमान्तर तथा स्रोतान्तर सम्बन्धी कार्यको अबस्था देखाउदा समस्या आएको देखियो । SUTRA को प्रयोगलाई निरन्तरता दिँदै यसमा देखिएका समस्या समाधान गर्दै जानु आबश्यक देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५. | **अनुमानभन्दा घटी आय :** गाँउपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.३८,५८,४९८/- अर्थात अनुमानको तुलनामा २२.८३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ती बीच धेरै फरक परेको कारण पहिचान गरी तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्ने तर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ । | |
| ६. | **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्न योगदानमा आधारित उपादान, औषधिउपचार, कर्मचारी कल्याण कोष लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ । | |
| ७. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति नदिएको गाँउपालिकाले पेश गरेको विवरणबाट देखिन्छ । गाँउपालिकाले क्षेत्रभित्र रहेका घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| ८. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा पर्याप्त नियन्त्रण भएको देखिएन । उक्त बिषयमा नगरपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।<br>• मासिक र वार्षिक प्रतिवेदन तयार गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ ,<br>• सार्वजनिक सुनुवाइ गरे पनि बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>• सबै अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• करको दायरा पहिचान भएको छैन,<br>• ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ,<br>• योजना हस्तान्तरण भएको छैन,<br>• योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खर्चको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,<br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,<br>• जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रिया भएको छैन,<br>• भुक्तानी भएका सबै बिल भर्पाइ प्रमाणित गरी भुक्तानी भएको छापसमेत लगाई प्रमाणित गरी राख्नुपर्नेमा गरेको छैन,<br>• पदाधिकारी,सदस्यहरुले पाउने सबै सुबिधाको रकम बैक खाता खोली जम्मा गर्नु पर्नेमा गरेको छैन,<br>• ठेक्का सम्झौता अनुसार भुक्तानीको जानकारी सम्बन्धित आ रा का मा तोकिएको समयमा पठाएको छैन ,<br>• चल्तीका सामान मर्मत गर्दा तोकिए अनुसार म ले प फा नं २ प्रयोग गरेको छैन,<br>• निर्माण कार्य तोकिए अनुसार भएको भनि कार्य सम्पन्न प्रतिबेदन तयार पश्चात भुक्तानी दिने गरे पनि गुणस्तर परीक्षण गरेको छैन,<br>• निर्माण कार्य तोकिए अनुसार भएको भनि कार्य सम्पन्न प्रतिबेदन तयार पश्चात भुक्तानी दिने गरे पनि गुणस्तर परीक्षण गरेको छैन, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | • निर्माण कार्यको सम्झौताको काम शुरु गर्नु पूर्ब नै ड्इङ्ग डिजाइनसमेत गरी गराउनु पर्नेमा ड्डङ्ग डिजाइन तयार गर्ने गरेको छैन,<br>• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ मा तोकिएको प्रकृया पुरा गरी सेवा करारमा कर्मचारी राख्नु सोको प्रकृया पुरा गरेको छैन, | |
| ९. | **आन्तरिक ऋण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाँउपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | |
| १०. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यो बर्ष २६ मुद्दा परेकोमा २५ फछ्यौट भई एक फछ्यौट हुन बाँकी रहेको छ । समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्नेमा गरेको छैन । अतः नगरसभामा वार्षिक विवरण पेश गर्नुपर्दछ । | |
| ११. | **सभाको निर्णय कार्यान्वयन** : गाँउ परीषद्बाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Follow up Register (अनुगमन मुल्याँकन) अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । कार्यालयले Follow up Register राखी निर्णय कार्यान्वयनको अबस्था मुल्याँकन गरिरहनु पर्दछ । | |
| १२. | **योजना बनाई कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| १३. | **स्थानीय राजस्व परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम नगरपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, कर नीतिको सम्बन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको उपर्युक्त व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| १४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाँउंपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारी अभिलेख अद्यावधिक गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १५. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाको आर्थिक ऐन २०७४ को दफा ५ मा तत्काल व्यवसायिक फर्महरुलाई गाउँ कार्यपालिकामा दर्ता गरी अभिलेख राख्ने प्रयोजनका लागि अनुसुचि ४ बमोजिम नियम वनाई व्यवसाय दर्ता शुल्क लगाइने उल्लेख छ। सो अनुसार नियम वनाई लगत राखि असूल गरेको छैन । लेखापरीक्षणका क्रममा गाउँपालिकामा अवस्थित व्यवसायि संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन। गाउँपालिका क्षेत्र भित्रका व्यवसायलाई व्यवसायिको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ। | |
| १६. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । गाउँपालिकाको आर्थिक ऐन २०७४ को दफा ९ मा गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा लगाइने कर सम्वन्धि व्यवस्था विद्यामान कानुन बमोजिम हुने र आवश्यकता अनुसार गाउँ सभावाट निर्धारण तथा स्वीकृत गरी लागू गरिने उल्लेख छ । यस वर्ष गाउँपालिकाले विभिन्न सास्कृतिक कार्यक्रम र मेला महोत्सवमा खर्च गरेता पनि | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | २०७५।७६ मा गाउँपालिकाले कर संकलन गरेको पाईएन । यसमा गाउँपालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| १७. | **चौमासिक प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेमा पेश गरेको देखिएन । | |
| १८. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ४२ रहेपनि पदपूर्ति २९ (एकै पदमा कार्यरत तीन जना समेत) रहेको देखियो भने १३ पद रिक्त रहेका छन । ति मध्ये ५ जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्ने र आबश्यक पदमा कानुनी प्रकृया पुरा गरी पदपुर्ति गर्न आबश्यक देखिन्छ । | |
| १९. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्र स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । गाँउपालिकाको वित्तीय प्रगति निम्नानुसार देखिन्छ । **(रु हजारमा)** | |

| सि.नं. | कार्यक्रम | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ३९६४६४ | ३४८५४६ | ८७.९१ |
| २ | सशर्त अनुदान | १५८७३८ | १५७९४६ | ९९.५० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २०. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पूँजिगत कुल खर्च रु ७ करोड ३२ लाख ५२ हजारमध्ये प्रथम चौमासिकमा ०.२८ प्रतिशत रु. २ लाख ४ हजार, दोश्रो चौमासिकमा १९.१८ प्रतिशत रु. १ करोड ४० लाख ४९ हजार र तेश्रो चौमासिकमा ८०.५४ प्रतिशत रु. ५ करोड ८९ लाख ९९ हजार सहित खर्च गरेको देखिएको छ । तेश्रो चौमासिकमा पनि आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । | |
| २१. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७४।७५ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |
| २२. | **फोहोरमैला व्यबस्थापन :** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(२) को आधारभूत र सरसफाई खण्ड अर्न्तगत सरसफाई सचेतनाको अभिबृद्दि र स्वास्थ्यजन्य फोहोरमैलाको काम समेत स्थानीय सरकारले गर्नुपर्ने उल्लेख छ । यस पालिकाले उक्त व्यबस्था अनुसार गाँउपालिकाभित्र फोहोरमैला व्यबस्थापनका लागि बजार व्यबस्थापन समितिसँग समन्वय गरी काम गर्ने गरी यस बर्ष रु १,००,०००/उपलब्ध गराई तोकिएको स्थानमा फोहोर फाल्ने गरी काम गराएको भने फोहोर फाल्ने स्थानको दिर्घकालिन व्यबस्थाका लागि आबश्यक कारबाही गरेको जानकारी हुन आएन । फोहोर व्यबस्थापनका लागि दिर्घकालिन योजना तयार गरी फोहोर व्यबस्थापन गर्न आबश्यक देखिन्छ । | |
| २३. | **लगानी :** यस नगरपालिकाले स्यार्पू पावरमा लगानी गरेको भनि रु १०,००,०००/ खर्च लेखेको छ । लेखापरीक्षण कममा उक्त संस्थामा लगानी गरेको देखिने प्रमाण पेश हुन आएन । लगानी गरेको देखिने शेयर धनी प्रमाण पूर्जा पेश हुनु पर्दछ । | |
| | **संचित कोषतर्फ** | |
| २४. | **ढिला दाखिला :** ६३/०७३/९/२९ गाँउपालिकाको सबै आय रकम संचित कोष दाखिला हुनु पर्दछ । तर वडा नं ३ का सचिब श्री अर्जुन ओलीले उक्त बडा बाट २०७६ असारमा प्राप्त भएको देखाएको राजश्व रकम रु ७८५०१/ नै संचित कोष दाखिला गर्नु पर्नेमा बाटो मर्मतमा रु ३,०००/ खर्च भएको भनि रु ७५,५०१/ मात्र दाखिला गरेको देखिएकोले ढिला दाखिला गरेको रकममा लाग्ने थप रकम समेत गणना गरी उक्त रकम अशुल हुनु पर्दछ । | |
| २५. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था भएकोमा उपभोक्ता समिति मार्फत | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | नगरपालिकाले विभिन्न निर्माण कार्य गराएकोमा देखिएका व्यहोराहरु देहाय अनुसार छन : | |
| २५.१. | सार्बजनिक खरिद नियमावली, २०६४ को ९७ को (१क) मा एक करोडसम्मको लागत अनुमानमा मूल्य अभिबृद्धि कर ,ओभरहेड ,कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समाबेश हुने व्यबस्था अनुसार १८ प्याकेजका रु १ करोड ५४ लाख ६७ हजारको काम गराउदा उपभोक्ता समितिबाट कुनै जनसहभागिताको अंश व्यहोरेको देखिएन । सबै काम यन्त्र औजारमात्र प्रयोग गरी भएकोले जनसहभागिताको अंश नभएको भनाई कार्यालयको रहे पनि उपभोक्ताबाट कुनै अंश नव्यहोर्ने गरी काम गराउनु मनासिब देखिएन यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |
| २५.२. | नगरसभाले योजना छनौट गर्दा सर्भे रिपोर्टको आधारमा लागत अनुमान तयार भए पश्चात गर्नुपर्नेमा गाँउसभाले बजेट विनियोजन गरेपश्चात योजना सर्भे र लागत अनुमान तयार गरेकोले लागत अनुमान र बजेटबीच तादम्यता नहुने देखिन्छ । त्यस्तै निर्माण कार्यका लागत अनुमान तयार गर्दा कामको ड्रइङ्ग,डिजाइन समेत गर्नु पर्नेमा अधिकाँश काम सो बेगर गरेको छ ।<br>त्यस्तै योजनाको निर्माण कार्य शुरु हुनु पूर्व निर्माण कार्य भइरहेको अवस्था र निर्माण कार्य सम्पन्न भएको देखिने गरी स्थलगत फोटोहरु सामेल गरी खर्चको पुष्ट्याईं गर्नुपर्नेमा निर्माण कार्य शुरु हुनु पूर्वको फोटोहरु अधिकाँश योजनामा सामेल नभएको र निर्माण सम्पन्न अवस्थाको केही योजनाका फोटोहरु पेश भएपनि अधिकाँशमा निर्माणको यथार्थता देखिने फोटो संलग्न गरेको छैन । खर्चको पुष्ट्याईंका लागि उक्त प्रमाणसमेत सामेल गरी खर्च गर्नुपर्दछ । | |
| २५.३. | उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको तर कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ ।<br>लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा मात्र खुलाउने गरेको छ । | |
| २६. | **जेष्ठ नागरिक दिर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम** | |
| | सामाजिक सुरक्षा भत्ता वितरणका लागि यस कार्यालयलाई रु.२ करोड ४३ लाख ८० हजार बजेट विनियोजन भई रु.२ करोड ४१ लाख ९० हजार ४०० सय खर्च भएको छ । खर्च भएको रकममध्ये रु.२ लाख ८० हजार ५ सय बेरुजू खातामा दाखिला गरेको पाइयो । सामाजिक सुरक्षाको रकम खर्च गर्दा सम्बन्धित वडाका सचिबलाई पेश्कीको रुपमा रकम दिई प्राप्त रकम बितरणका भर्पाइ पेश भएको आधारमा खर्च लेख्ने गरेको देखियो । पेश्की फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :<br>(१) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गरिने उल्लेख छ । यो वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनीय देखिएन । सामाजिक सुरक्षाको रकम बितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्दछ ।<br>(२) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाउँपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूची-५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोही प्रमाणका आधारमा वित्तीय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले पेश गरेका प्रमाण कागजातका आधारमा सामाजिक सुरक्षा भत्ता पाउनेको अभिलेख नियमित रुपमा अद्याबधिक गर्दै भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने र सामाजिक सुरक्षाको रकम नपाउने अबस्थामा पुगेका अर्थात मृतु भएका मानिसको नामबाट खर्च लेख्न नमिल्ने गरी व्यवस्थित गर्नुपर्दछ ।<br>(३) कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची-८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।<br>(४) सामाजिक सुरक्षाको रकम बितरण गर्दा सम्बन्धित व्यक्तिले नै पाउने गरी बितरण गर्नु पर्दछ । तर कतिपय | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | रकम पाउने व्यक्तिको नजिकका नातेदार जस्तै छोरा,छोरी,बुहारी,नाति,नातिना आदिलाई रकम पाउनेको मन्जुरी र रकम बुझिलिनेको परिचय बेगर रकम दिएको छ । यसरी बितरण गरिएको कार्य मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |
| | **नेपाल सरकार र युनिसेफको संयुक्त कार्यकम ३६५८४७३** | |
| २७. | **प्रमाण नपुगेको :** १०/२०७६/३/३ पशु स्वास्थ्य प्राविधिक श्री प्रेम बहादुर पुनले कुखुरा फार्म नेपालगन्जबाट रु ८००००/ का ४०० चल्ला खरिद गरेको छ । यसका अलावा तालिम सन्चालन, औषधि खरिद र २०७६/१/२८ र २९ गते रोजिना भेट सेन्टर मुसिकोट न पा सोलावाङबाट १४ बोरा रु ४५५००/ दाना खरिद गरेका रकम सहित कुल रु २७१०००/ खर्च लेखेको छ । उक्त परीमाणको दाना खरिद गर्नु पर्नाको कारण स्पष्ट नहुनका साथै खरिद गरेको दाना बितरण गरेको समेत देखिएन । यसमा कार्यालयबाट एकिन गरी प्रमाण पेश हुनु पर्दछ । रु | ४५५००/ |
| २८. | **अनुपातिक कट्टि :** भौ.नं. ६१/०७६।१।२२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । श्री शिव आधारभूत विद्यालय घेरावार तथा तारजाली निर्माण उपभोक्ता समिति,सानीभेरी गाउँपालिका-११ ,काफलबोट मार्फत गराएको निर्माण कार्यको भुक्तानीमा लागत अनुमान रु.२,९७,९१५।४६ मा संझौता भएकोमा रु.२,८८,०३०।६० मा नै काम सम्पन्न देखिएकोमा अनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.९,८८५।०० असूल गरी संचितकोष दाखिला गर्नुपर्दछ । रु. | ९,८८५।०० |
| २९. | **भवन निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यवाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत सम्भार गर्नकोलागि आफुहरु मध्येवाट गठन गरेको समिति सम्झनुपर्ने उल्लेख छ । यसरी प्रत्यक्ष लाभग्राही समुहवाट गुणस्तरीय काम हुने र उनीहरुको जनश्रमदानको योगदान हुने निर्माण कार्यमा मात्र उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउन सकिने उल्लेख छ । यस कार्यालयले निम्न बमोजिम भवन निर्माण गर्ने कार्यको लागि उपभोक्ता समिति गठन गरी वा श्रम सहकारी संस्था मार्फत निर्माण कार्य गराई रु.२१,३१,५३७०० भुक्तानी दिई काम गराएको छ । उपभोक्ता समितिलाई सरोकार नरहेको, प्रत्यक्ष लाभ प्राप्त नगर्ने उपभोक्ता समूहबाट भवन निर्माण कार्य गराई भुक्तानी दिएकोमा सार्वजनिक खरिद ऐन नियम अनुसार भएको भन्ने अबस्था देखिएन । कानुन सम्मत ढंगबाट निर्माण कार्य गराउन जिम्मेवार पदाधिकारीको ध्यानजानु पर्दछ । | २१,३१,५३७।० |

| भौचर नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १५५/२०७६।३।२५ | वडा नं.११, काफलबोट स्वास्थ्य चौकी शौचालय भवन निर्माण उ.स. | भवन निर्माण | ३,००,०००।०० |
| १५७/२०७६।३।२५ | वडा नं.४ ,शहिद स्मृति भवन निर्माण ,दुई भेरी दोभान मौराखारा श्रम सहकारी संस्था मार्फत | भवन निर्माण | ७,००,०००।०० |
| १८९/२०७६।३।३१ | गाउँपालिकाको कार्यालय भवन निर्माण,सिम्लि श्रम सहकारी संस्था मार्फत | भवन निर्माण | ११,३१,५३७०० |
| | | जम्मा | २१,३१,५३७०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३०. | **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी खातामा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले प.स्वा.प्राविधिक श्री प्रेमबहादुर पुनको रु.१,५५,०००।०० मार्फत निम्न मालसामान खरिद गरेको विल संलग्न गरी पेश्की फछ्र्यौट गरेकोमा ती सामान जिन्सी खातामा आम्दानी बाधेको देखिएन ।यसरी कार्यालयमा प्राप्त भएका सवै जिन्सी सामान आम्दानी बाधी जिन्सी श्रेस्ता अद्यावधिक गर्नु पर्ने देखियो रु. | १,५५,०००/० |

| भौचर नं. /मिति | भुक्तानी पाउने फर्म,संस्थाको नाम | भुक्तानी विवरण | रकम |
|---|---|---|---|
| ११८/२०७६।३।३ | रोजिना भेट सेण्टर | बर्डियो क्याचेस्टर ठूलो- ३ | ६०,०००।०० |
| | | बर्डियो क्याचेस्टर सानो-३ | ४५,०००।०० |
| १६७/२०७६।३।२८ | टेक लाईन ईण्टरनेशनल प्रा.लि. | माईकोस्कोप - १ | ४४,९९९।९९ |
| | | **जम्मा** | **१,५५,०००।००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३१. | **अग्रिम कर :** आयकर ऐन,२०५८ को दफा ८७, ८८,८९ मा तोकिएको भुक्तानीमा अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस निकायले देहायका व्यक्ति,फर्म र व्यवसायीबाट कानुन बमोजिम तोकिएको अग्रिम आयकर कट्टा गरेको नदेखिएकोले निम्नानुसार उपरोक्त ऐन बमोजिम कर असूल गरी संघिय राजश्व खातामा दाखिला गर्नुपर्दछ । रु. | १७,०६५। |

| भौचर नं./मिति | भुक्तानी पाउने व्यक्ति /फर्म | विवरण | भुक्तानी रकम ( भ्याट बाहेक) | कर रकम |
|---|---|---|---|---|
| ९/२०७५।१०।४,पूजिगत | अग्नी ईन्कर्पोरेटेड प्रा.लि. | एम्बुलेन्स महेन्द्रा बोलेरो -१ | ८,९३,८००।०० | १३,४०७।०० |
| ३/२०७६।३।२२,प्र.म.रोजगार कार्यक्रम | नेपालगंज डेकोर एण्ड जनरल अर्डर सप्लायर्स | कार्यक्रम खर्च | ५५,५००।०० | ८३३।०० |
| ३/२०७६।३।२२,प्र.म.रोजगार कार्यक्रम | निशान कम्प्यूटर ट्रेडर्स | कम्प्यूटर खरिद | १८८,३१८।०० | २,८२५।०० |
| | | **जम्मा** | | **१७,०६५।००** |

| | | |
|---|---|---|
| | **पशु स्वास्थ्यतर्फ** | |
| ३२. | **उन्नत राँगा खरिद :** नश्ल सुधारका लागि प्राकृतिक गर्भाधान कार्यक्रम अन्तर्गत प्रजनन योग्य राँगा - २ खरिद गरेको विल संलग्न गरी प.स्वा.प्रा. श्री प्रेम बहादुर पुनको रु.८०,०००।०० पेश्की फछ्र्यौट गरेकोमा ती राँगा प्रजनन योग्य भए, नभएको स्वास्थ्य परिक्षण सहित प्राविधिक जाँच परिक्षण प्रतिवेदन पेश भएको देखिएन । सार्वजनिक हितमा उपयोग उपयोग हुनु पर्ने ती राँगाको अनिवार्य पशु विमा गराउने र सो को प्रगति पठाउनुपर्ने व्यवस्था भएकोमा पशु विमा गरेको समेत छैन । साथै ती नश्ल सुधारका लागि प्रजनन योग्य राँगा सार्वजनिक हितमा उपयोग भए नभएको सो को अनुगमन अभिलेख पेश गरेको छैन । स्थानीय तहले लक्षित उदेश्यका लागि गरेको लगानीको उपयोग र प्रभावकारिता सम्बन्धमा अनुगमन गरी अभिलेख राख्न जिम्मेवार पदाधिकारीको ध्यान जानु पर्दछ । | |
| | **शिक्षातर्फ :** | |
| ३३. | आ.व.२०७५। ७६ को कार्यक्रम वमोजिम विभिन्न विद्यालयहरुलाई भवन निर्माण तथा ४ कोठे क्रमागत र २ कोठे कक्षा कोठा निर्माण , शौचालय, विद्यालय प्रबलीकरण कार्यक्रम (Retrofitting ) गर्नका लागि तोकिएको आधारमा अनुदान निकासा गरी शत प्रतिशत भौतिक एंव वित्तिय प्रगति देखाएको छ । विद्यालयहरुमा निकासा भएको रकमको सोही वर्ष कार्य सम्पन्न नगरेकोले विद्यालयमा पुऱ्याउनु पर्ने सेवा सुविधा पुगेको देखिएन । तसर्थ आर्थिक वर्ष भित्र नियमानुसार विद्यालयहरुलाई अनुदान निकासा गरेकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले पेश गरी खर्च नियमित हुनुपर्दछ । रु. | ४४,००,००० |

| सि.नं | विद्यालयको नाम | कार्यक्रम | अनुदान रकम |
|---|---|---|---|
| १ | जनज्योती माध्यमिक विधालय, मेलचौर | क्रमागत(०७४।७५) भवन निर्माण ४ कोठे भवन | १८,००,०००.०० |
| २ | जनज्योती आधारभूत विधालय,फक्तुज्यूला | ०७५।७६को २ कोठे भवन निर्माण | १२,००,०००.०० |
| ३ | सानीभेरी माध्यमिक विधालय, बलिबाङ्ग | ०७५।७६ शौचालय निर्माण (wash सुविधा सहितको) | ७,००,०००.०० |
| ४ | सरस्वती माध्यमिक विधालय,चिन्तु | ०७५।७६ शौचालय निर्माण (wash सुविधा सहितको) | ७,००,०००.०० |
| | | जम्मा. | ४४,००,०००.०० |

| | | |
|---|---|---|
| ३४. | **नर्म्सभन्दा बढी भुक्तानी** :अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका,२०७५ अनुसार तालिम प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक गाउँ स्तरीय भएमा कार्यपत्र वापत रु.७००।०० र कक्षा सञ्चालन वापत रु.६००।०० गरी जम्मा रु.१,३००।०० भुक्तानी गर्न सक्ने तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ ।यस कार्यालयले गाँउस्तरीय र वार्ड स्तरीय तालिममा कार्यालयकै कर्मचारी प्रशिक्षक भै कक्षा लिएकोमा कार्यपत्र वापत रु.७००।०० र गोष्ठी भुक्तानी दिनु पर्नेमा रु.१०००।- र १५००।-का दरले भुक्तानी दिएकाले प्रति कार्यपत्र रु.३००।- र ८००।-को दरले नर्म्सले तोकेको भन्दाबढी निम्नानुसार कक्षा/ कार्यपत्रको भुक्तानी दिएको देखियो । निर्देशिकामा उल्लेख भएभन्दा बढी भुक्तानी रु.७,९०० ।-असुल गर्नुपर्दछ रु | ७,९००।०० |

| भौ.नं./मिति | तालिम विवरण | प्रशिक्षक /कर्मचारी | कक्षा/ कार्यपत्र संख्या | पाउने दर | पाएको दर | बढी रकम |
|---|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६६/०७६।३।२० | गाउँपालिका स्तरिय नेतृत्व /संस्थागत तालिम(महिला विकास) | स.म.वि.नि.श्री लीला शर्मा | ४जना×२ कक्षा | ७०० | १००० | २,४०० |
| ८५/०७६।३।३१ | गाउँपालिका स्तरिय एण्टिवायोटिक रेसिस्टान्स गोष्ठी ( पशु सेवा ) | अधिकृत छैठौं श्री ज्ञानु कुमार शर्मा | ४ | ८०० | १५०० | २,८०० |
| ८६/०७६।३।३० | गाउँपालिका स्तरिय अनुशिक्षण तालिम(महिला विकास) | स.म.वि.नि.श्री लीला शर्मा | ३ | ७०० | १००० | ९०० |
| | गाउँपालिका स्तरिय अनुशिक्षण तालिम(महिला विकास) | स.म.वि.नि.श्री एकता रोका | ६ | ७०० | १००० | १,८०० |
| | | | जम्मा | | | ७,९००।०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३५. | **भ्रमण अभिलेख एवं प्रतिबेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । यसबर्ष भ्रमण खर्चमा रु. १०,५३,०२६/ खर्च लेखेको छ । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भनि मुल्याङ्कन गर्न सक्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| ३६. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :** स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाईको व्यबस्था गरि बित्तीय पारदर्शिता र जबाफदेहिताको पालना गर्नुपर्दछ । | |
| ३७. | **नापी किताव** : निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं. १७१ मा उल्लेख गर्नुपर्ने गरी महालेखापरीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागु गरेको छ । उक्त नापी किताबमा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायिको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुँदा नं. ३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गर्दा यस आयोजनाबाट सम्झौता भएका सबै ठेक्काको नापी प्रयोजनको लुज सिट नै प्रयोग गरेको छ । नापी किताव तोकिएको ढाँचामा सबै व्यहोरा नखुलाई लुजसिटमा राख्दा २० वर्षसम्म आवश्यक सूचना लिन सकिने अवस्था छैन । लुजसिटलाई नै नापी किताव मान्ने व्यवस्थालाई नियमले छुट दिएको पनि देखिंदैन ।<br>तसर्थ नापी किताबमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ । | |
| ३८. | **डोर हाजिरी फाराम नियन्त्रण खाता :** कायांलयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.१७५ राख्ने गरेको छैन । प्राप्त डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारामहरु को कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ । | |
| ३९. | **उपभोक्ताको नामबाट काम :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था भएकोमा उपभोक्ता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | समिति मार्फत नगरपालिकाले विभिन्न निर्माण कार्य गराएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन : | |
| ३९.१. | सार्बजनिक खरिद ऐन ,२०६४ को दफा ८(१)(क) मा खरिद बिधि छनौट अर्न्तगत मालसामान,निर्माण कार्य वा अन्य सेवा खरिद गर्नु पर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराएर समेत गर्न सकिने उल्लेख छ । खरिद गर्दा पालन गर्नु पर्ने प्रकृया सम्बन्धमा सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा बिभिन्न व्यबस्था उल्लेख गरेको छ । यस नगरपालिकाले सोही ऐनले तोकेकै खरिद बिधि अर्न्तगत नगरपालिकामा दर्ता भई आन्तरिक राजश्व कार्यालयमासमेत दर्ता भएका श्रम सहकारी संस्थालाई उपभोक्ता समिति वा लाभग्राही समुदायसरह मान्यता दिई प्रतिस्पर्धा बेगर काम गराएको छ । सार्बजनिक खरिद ऐनको दफा ८(क)मा उल्लेखित खरिद बिधिमा माथि उल्लेखित व्यहोरा अनुसार दर्ता भएका संस्थालाई उपभोक्ता समिति वा लाभग्राही समुदायसरह मान्यता पाई बिना प्रतिस्पर्धा काम गर्न पाउने गरी छुट दिएको देखिदैन ।<br>सार्बजनिक खरिद ऐनले उल्लेख गरेको उपभोक्ता समिति वा लाभग्राही समुदाय भन्ने व्यहोरामा सानीभेरी गाउँपालिकाले सार्बजनिक खरिद नियमावलीले उल्लेख गरेको उपभोक्ता समिति वा लाभग्राही समुदाय भित्र सहकारी,क्लव र समूहलाई समेत मान्यता दिई गाउँपालिका भित्रका बिभिन्न बडामा संचालित बिकास निर्माणका १५ प्याकेजबाट कुल रु १ करोड १४ लाख ३० हजार भुक्तानी दिएको व्यहोरा गाउँपालिकाबाट उपलव्ध गराएको बिबरणबाट देखिन्छ । श्रम सहकारीलाई उपभोक्ता समिति वा लाभग्राही समुह सरह मान्ने र उनीहरुले यर्थाथमा जनश्रम नै प्रयोग गरी काम गरेको मान्ने हो भने पनि उनिहरुले पेश गरेका कतिपय बिल भर्पाइमा श्रम प्रयोग नगरी एक्साभेटरजस्ता हेभी मेसिनहरु भाडामा लिई प्रयोग गरेको देखिएको । यसै जिल्लामा रहेका अन्य सरकारी निकायले श्रम सहकारीलाई संस्थालाई उपभोक्ता समिति वा लाभग्राही समुदाय सरहमानी काम नगराएकोले श्रम सहकारी र क्लबलाई समेत समाबेश गरी बिना प्रतिस्पर्धा काम गराउने कार्य सार्बजनिक खरिद ऐन,२०६३ बिपरित देखिन्छ । यस्तो श्रम सहकारी क्लब जस्ता समूह/समितिबाट प्रतिस्पर्धा सिमित हुने प्रकृयाबाट काम गराउने कार्य मनासिब देखिदैन । | |
| ३९.२. | नगरसभाले योजना छनौट गर्दा सर्भे रिपोर्टको आधारमा लागत अनुमान तयार भए पश्चात गर्नुपर्नेमा नगरसभाले बजेट विनियोजित गरेपश्चात योजना सर्भे र लागत अनुमान तयार गरेकोले लागत अनुमान र बजेटबीच तादम्यता नहुने देखिन्छ । त्यस्तै निर्माण कार्यका लागत अनुमान तयार गर्दा कामको ड्रइङ्ग,डिजाइन समेत गर्नु पर्नेमा अधिकाँश काम सो बेगर गरेको छ । | |
| ३९.३. | योजनाको निर्माण कार्य शुरु हुनु पूर्व निर्माण कार्य भइरहेको अवस्था र निर्माण कार्य सम्पन्न भएको देखिने गरी स्थलगत फोटोहरु सामेल गरी खर्चको पुष्ट्याई गर्नुपर्नेमा अधिकांशमा निर्माणको यथार्थता देखिने फोटो संलग्न गरेको छैन । खर्चको पुष्ट्याईका लागि उक्त प्रमाणसमेत सामेल गरी खर्च गर्नुपर्दछ । | |
| ३९.४. | उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको तर कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ ।<br>लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा मात्र खुलाउने गरेको छ । | |
| | **चालूतर्फ** | |
| ४०. | **पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार सानीभेरी गाँउपालिकाले देहाय बमोजिम रु. २३,११,०००/ सुविधावापत भुक्तानी भएको छ । | |

| सि. नं. | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ११ जना | | | कार्यपालिका सदस्य जना | | | सभाका सदस्य जना | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मासिक | जना | जम्मा | मासिक | जना | जम्मा | मासिक | जना | जम्मा | |
| १ | मासिक सुविधा | ३०५००.०० | २५०००.०० | १९०००.०० | ११ | २०९००० | १०००० | ६ | ६०००० | ५००० | ३९ | १९५००० | ५१९५००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सञ्चार सुबिधा ( मासिक दरमा) | १५०० .०० | १०००.०० | ८००.०० | ११ | ८८०० | ०.०० | - | ०.०० | | ३९ | ०.०० | ११३० ०.०० |
| ३ | बैठक भत्ता ( बैठक संख्याको आधारमा ) | २८८० ०.०० | २८८००. ०० | २८८००. ०० | ११ | ३१६८०० | २८८०० | ६ | १७२८ ०० | | | ८४२४ ०० | ५४७२ ००.० ० |
| ४ | बैठक भत्ता वडा समिति ( बैठक संख्याको आधारमा ) | | | २१६००.० ० | ११ | २३७६०० | २१६०० | ६ | १२९६ ०० | २१६० ० | ३९ | ०० | १२०९ ६००. ०० |
| ५ | खाजा भत्ता ( मासिक) | १००० .०० | १०००.०० | १०००.०० | ११ | ११००० | १००० | ६ | ६००० | ०० | ०० | ०० | १९०० ०.०० |
| ६ | पुस्तक पत्रपत्रिका ( मासिक) | ०० | ०० | ०० | ११ | ०.०० | ०.०० | ०.० ० | ०.०० | ०० | ०० | ०० | ०० |
| ७ | अनुगमन भत्ता ( मासिक) | १२०० ०.०० | १००००.० ० | २०००.०० | ११ | २२००० | ०.०० | ०.० ० | ०.०० | ०० | ०० | ०० | ४४० ० |
| ८ | खानेपानी, बिजुली महसुल ( मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ९ | सरसफाई, मर्मत (मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० |
| १० | अतिथि सत्कार ( मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ११ | यातायात खर्च ( मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० | ०० |
| | **जम्मा** | ७३८० ०/ | ६५८००/ | ७३२००/ | | ८०५२० ०/ | | | ३६८४ ००/ | | | १०३७४ ००/ | २३११ ०००/ |

| | | |
|---|---|---|
| ४१. | **प्रमाणित नभएको :** आर्थिक कार्यविधि सम्बन्धी नियमावली, २०६४ को नियम ४० को उपनियम ७ र ८ मा तोकिएका खर्च शीर्षकमा भुक्तानी दिन बाँकीको कच्चाबारी बनाई श्रावण १५ गते भित्र कार्यालय र को.ले.नि.का.ले प्रमाणित गराई राख्ने व्यवस्था रहेको छ । यस गाउँ कार्यपालिकाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई जम्मा रु.२८,८६,६००।- भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकीको कच्चाबारी तयार गरेको देखिएन । सो बेगर भुक्तानी दिने कार्य नियमित देखिएन । रु. | २८,८६,२००/ |
| ४२. | **विशेष भत्ता** : **२३३-०७६।२।३१** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट अषाढसम्ममा कार्यालय प्रमुख सहित कर्मचारीहरुलाई प्रोत्सहान भत्ता भनी रु ९,९०,५५७०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा पनि प्रोत्साहन भत्ता भुक्तानी भएको छ । | |
| ४३. | **ऐन नबन्दैको भत्ता :** स्थानीय तहका पदाधिकारी तथा सदस्य सुविधा सम्बन्धी ऐन, २०७५ मा अनुसार उक्त ऐनले पदाधिकारी निर्वाचित भई शपथ ग्रहण गरेको मिति देखिनै सुविधा दिलाउने गरी अर्थात ऐन बन्नु पूर्वको ( २०७४ जेष्ठ ५ गतेदेखि आषाढसम्मको) सुविधा समेत पाउने गरी ऐन बनाएको हुँदा मनासिब नदेखिएको रु. | ३,६६,६००/ |
| ४४. | **मर्मत अभिलेख :** गाउँपालिका कार्यालयमा प्रयोग हुने सवारी साधन मर्मत गर्दा मर्मत अभिलेख खाता म.ले.प.फा.नं.२ अनुसारको विवरण राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारका मोटर साईकल एवं | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

गाडी मर्मत गर्दा रु.४,५०,५७५।-खर्च लेखेकोमा  अभिलेख राखेको पाईएन । मर्मत अभिलेख राख्ने व्यबस्था हुनु पर्दछ ।

| भौ.नं. ⁄ मिति | मर्मत गर्ने फर्म वा विवरण | मर्मत बापतको रकम |
|---|---|---|
| २४/०७५/७/११ | मुना मदन अटो वर्कशप मोटर साइकल मर्मत | १०७२४५/ |
| ९२/०७५/१०/२२ | देउती अटो वर्कशप मोटर साइकल मर्मत | १५०००/ |
| ११८/०७५/११/२७ | मुना मदन अटो वर्कशप मोटर साइकल मर्मत | १२५०००/ |
| २८५/०७६/३/१९ | मुना मदन अटो वर्कशप मोटर साइकल मर्मत | १४३०३०/ |
| ३०१/०७६/३/२१ | गाडी मर्मत | २६५००/ |
| ३१०/०७६/३/२२ | गाडी ⁄ मोटर साईकल | १३८००/ |
| ३११/०७६/३/२२ | गाडी ⁄ मोटर साईकल | २००००/ |
| | **जम्मा** | **४५०५७५/** |

४५. **बढी भाडा भुक्तानी :** ३८/०७५/८/५ सानीभेरी गाउँपालिका वार्ड नं. ७ रुकुम पश्चिमका हुकुम बहादुर ओलीसँग मिति २०७५ श्रावण १ गतेदेखि लागू हुने गरी मासिक रु.१०,०००।- का दरले घर भाडा सम्झौता गरेको छ । घर धनीले मिति २०७५ आषाढ १५ गतेबाट घर भाडा माग गरेकोमा सोही अनुसार अर्थात सम्झौता भन्दा १५ दिन अगाडिको भाडा समेत भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ५,०००।- मा भाडा कर रु.५००।- कट्टी गरी रु. ४,५००।- दाखिला गर्नु पर्ने देखिएको छ । रु. — ४५००/

४६. **बजेटभन्दा बढी खर्च :** गाउँपालिकाले गाउँ परिषद्बाट तय भई पारित भएको आर्थिक विधेयकमा उल्लेखित कार्यक्रमको बजेटसीमा भित्र रही सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयले आर्थिक विधेयक, २०७५ मा उल्लेख भए भन्दा बढी खर्च भएको हुँदा उक्त विधेयकको पालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । रु

| भौ.नं. ⁄ मिति | विनियोजित कार्यक्रम | विनियोजित रकम | भएको खर्च | बढी खर्च |
|---|---|---|---|---|
| ६८/०७५/९/२० | बेल्टापुको परम्परागत मेला | ५००००० | ८००००० | ३००००० |
| ८२/०७५/१०/८ | रिम्ना मेला व्यवस्थापन खर्च | ५०००० | १००००० | ५०००० |
| ११०/०७५/११/१७ | सानी भेरी मौरा खारा गरील्ला म्याराथुन खर्च | ३५०००० | ४९९०६० | १४९०६० |
| १२०/०७५/११/१३ | कला संस्कृति पर्यटन प्रबर्द्धन मञ्च प्रथम कृषि तथा सांस्कृतिक महोत्सव (कार्यक्रम बजेट नभएको) | ० | ४५०००० | ४५०००० |
| | ज | **९०००००** | **१८४९०६०** | **९४९०६०** |

**९४९०६०/**

यसरी पूर्व निर्धारित कार्यक्रम र बजेटको सीमालाई आधार नमान्ने गर्दा भौतिक पूर्वाधारमा विनियोजित कार्यक्रम नहुने र अन्य खर्चहरु क्रमशः बुद्धि हुँदै जाने हुँदा कार्यपालिकाले यस्ता खर्चहरुलाई नियन्त्रण गर्नु पर्ने देखिन्छ । रु

४७. **नबुझेको भत्ता : ४१७-०७६/३/३१** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उप-नियम ३ मा खर्च गर्दा बिल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले ना.सु.श्री मिनाराम के.सी.ले श्रम सहकारीको तालिम बापत पेश्की फछ्र्यौट गरेकोमा निम्नानुसारका पदाधिकारीहरुले भत्ता बुझेको नदेखिएकोले दाखिला गर्नुपर्ने देखिन्छ । रु. — **३४००/**

| **क्र.सं.** | **नाम** | **रकम** |
|---|---|---|
| ३ | पहल पुन | ८५०/ |
| ४ | दिपेन्द्र रावल | ८५०/ |
| ५८ | बीर बहादुर पुन | ८५०/ |
| ६६ | गौरब वि.क. | ८५०/ |
| **जम्मा** | | **३४००/** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४८. | **बिल भर्पाइ नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उप-नियम ३ मा खर्च गर्दा बिल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयबाट भएका निम्नानुसारको कार्यक्रमहरुको बिल भर्पाई संलग्न नभएको कार्यालयबाट एकिन गरी प्रमाण पेश हुनु पर्दछ । रु. | १२१३००/ |

| क्र.सं. | भौ.नं./मिति | विवरण | भुक्तानी रकम | संलग्न बिल रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| १ | १६-०७५/६/२९ | शिक्षा दिवस कार्यक्रम | १,३३,०००/- | १,०९,०३०/- | २३,९७०/- |
| २ | १६-०७५/६/२९ | भैपरी आउने चालु खर्च | १,६६,९८०/- | ८६,६००/- | ८०,३८०/- |
| ३ | १४७-०७५/१२/८ | योजना प्रशासन जिन्सी सम्बन्धी तालिम कार्यक्रम | १,००,०००/- | ८४,७५०/- | १५,२५०/- |
| ४ | १४७-०७५/१२/८ | ख. रगबीर रोक्कालाई भुक्तानी | ८५०/- | भर्पाई नभएको | ८५०/- |
| ५ | १४७-०७५/१२/८ | खा.पा.प्राविधिक बालाराम पुन | ८५०/- | भर्पाई नभएको | ८५०/- |
| | | जम्मा | ४,०१,६८०/- | २,८०,३८०/- | १,२१,३००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४९. | **कार्यकम बिपरित खर्च :** गाउँ कार्यपालिकाले पारित गरेको आर्थिक विधेयकमा उल्लेख भएको कार्यक्रममामात्र भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । कार्यपालिकाले निम्न अनुसार भएको भुक्तानी आर्थिक विधेयकमा व्यवस्था भएको नदेखिएकोले उक्त खर्च कार्यकम बिपरित देखिएको हुदा नियमित देखिएन रु. | **१,४०,०००/** |

| **क्र.सं.** | **भौ.नं./मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | १३-०७५/६/२८ | महिला सशक्तीकरण बहुउद्देश्यीय सहकारी संस्था मार्फत तीज विशेष कार्यक्रम | ५०,०००/- |
| २ | २१-०७५/७/१६ | महिला तीज विशेष कार्यक्रम | ३०,०००/- |
| ३ | ७३-०७५/१०/३ | महिला तीज विशेष कार्यक्रम | ६०,०००/- |
| | | **जम्मा** | **१,४०,०००/-** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५०. | **फरक शीर्षकमा खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ को उपनियम २ (क) मा खर्च गरिने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न पाइने व्यवस्था रहेको छ । कार्यालयले सानीभेरी गाउँपालिकाको विनियोजन ऐन, २०७५ मा व्यवस्था गरे अनुसार खर्च गर्नु पर्नेमा सो अनुसार नभएको खर्च रकम नियम संगत देखिएन । रु | १२,१७,८९७/ |

| भौ.नं./मिति | खरिद विवरण | खर्च लेख्नु पर्ने शीर्षक | खर्च लेखेको शीर्षक | रकम |
|---|---|---|---|---|
| ६३/०७५/९/१३ | ल्यापटप, डेस्कटप र प्रिन्टर खरिद | मेसिनरी औजार | भैपरी आउने चालु खर्च | ४७१८९७/ |
| १५०/०७५/१२/८ | मोटर साईकल २ थान खरिद | सवारी साधन | भैपरी आउने चालु खर्च | ४८५०००/ |
| १६२/०७५/१२/२८ | मोटर साईकल १ थान खरिद | सवारी साधन | भैपरी आउने चालु खर्च | २६१०००/ |
| | | | **जम्मा** | **१२१७८९७/** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५१. | **सहकारी गठन :** ३७१/०७६/३/२८ सानीभेरी गाउँपालिकाको विनियोजन ऐन, २०७५ संकेत नं. १०४० सहकारी कार्यक्रममा एक वडा एक श्रम सहकारी गठन गर्ने र गाउँ पालिकाबाट रु ५०/५० हजार मुल पूँजी विकासको लागि अनुदानका लागि रु. ५,५०,०००।- र गाउँपालिका स्तरबाट श्रम सहकारी सम्बन्धी तालिम भ्रमणका लागि रु. ३,५०,०००।- समेत गरी रु. ९,००,०००।- बजेट व्यवस्था गरिएकोमा निम्नानुसार देखियो ।<br>(क) विनियोजन बजेटको व्यवस्था गरी श्रम सहकारी बनाई उक्त श्रम सहकारीले वडा भरको सार्वजनिक निर्माणको उपभोक्ता समूहका प्रतिनिधित्व गराउने उद्देश्य लिएको देखिन्छ । सबै भूगोलमा एकै श्रम सहकारीले प्रतिनिधित्व नहुने वा लाभग्राही सहभागी नहुने हुँदा उपभोक्ता समितिबाट कार्य गराईएको भन्ने कानूनी आधार भएन ।<br>(ख) विनियोजित बजेट मध्ये ६ वटा वडाले रु. ५०,०००।- का दरले रु.३,००,०००।- अनुदान दिईसकेकोमा उक्त अनुदानित रकमबाट के कस्तो कार्य भयो एकीन गर्न सकिएन । | ९,००,०००।- |

| **क्र.सं.** | **अनुदान पाउने** | **रकम** |
|---|---|---|
| १ | सिम्ली श्रम सहकारी संस्था लि | ५००००/ |
| २ | मौरखरा गरायाला श्रम सहकारी संस्था लि | ५००००/ |
| ३ | भेरी दोभान श्रम सहकारी संस्था लि | ५००००/ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | ४ \| लेकबेसी बलिदान श्रम सहकारी संस्था लि \| ५००००/ | |
| | ५ \| स्टार लेकबेसी श्रम सहकारी संस्था लि \| ५००००/ | |
| | ६ \| भेरिदह श्रम सहकारी संस्था लि \| ५००००/ | |
| | **जम्मा** \| **३०००००/** | |
| ५२. | **शैक्षिक गुणस्तर अभिबृद्धि** गरी जीबनउपयोगी तथा गुणस्तरिय शिक्षा प्रदान गर्न बिज्ञको सुझाब,प्रबिधिको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन नामक परियोजना संचालन गर्ने भनी यस नगरपालिका र मिदास एजुकेसन प्रा लि बिच २०७५ मंसिर १८ मा सम्झौता भएको देखिन्छ । उक्त सम्झौता अनुसार कुल रु ४०,५८,९२१/५८ भुक्तानी दिएकोमा थप अबधिको समेत काम गरेको भनि थप रु २५,३८,०७८/४२ समेत कुल रु ६५,९७,०००। भुक्तानी दिएको सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन । रु | ६५,९७,०००। |
| ५२.१. | सार्बजनिक खरिद ऐन ,२०६३ को दफा ५ मा जुनसुकै कामको लागत अनुमान तोकिए बमोजिम तयार गर्नु पर्ने उल्लेख छ । सोही ऐनको दफा १२ बमोजिम लागत अनुमान तयार गर्ने आधार तोकेको छ । लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति र अन्य जनशक्तिको पारिश्रमिक र भ्रमण खर्च र अन्य आबश्यक खर्चको लागत खुलाउनु पर्ने उल्लेख छ । यस कार्यालयलयले लागत अनुमान तयार गर्दा लिएको आधार कुन आधारमा गरेको स्पष्ट छैन । नगरपालिकाले ५ महिना अबधिका लागि लागत अनुमानकै हाराहारीमा रु ४०,५८,९२१/५८ मु अ कर सहित भुक्तानी दिने गरी सम्झौता  गरेको छ । उक्त लागत अनुमानको तयार गर्दा लिएको जनशक्तिको प्रकार र दर कुन आधारमा लिएको एकिन भएन । स्पष्ट आधार बेगर लागत अनुमान निर्धारण  गर्नु मनासिब देखिएन । | |
| ५२.२. | उक्त कार्य गर्न को को व्यक्ति खटेको हो तिनीहरुको योग्यता र अनुभब सहित काम सुरु गर्नु पूर्ब परिचय खुल्ने कागजात सहित नगरपालिकामा बिबरण पेश गर्नु पर्नेमा गरेको छैन । त्यस्तै खटिएका व्यक्ति कहिले कहिले कुन कुन बिद्यालयमा काम गरेको हुन बिद्यालयको सिफारिस तथा जानकारी लिएको प्रमाण पेश भएको देखिएन । | |
| ५२.३. | सम्झौतामा पाठ्यक्रम बिकास केन्द्रबाट मान्यता प्राप्त ५ सफ्टवयेर उपलब्ध गराउने उल्लेख छ । सो अनुसारका सफ्टवयेर उपलब्ध गराइए, गराइएनन सो को आधारभूत प्रमाण/ कागजात  पेश गरेको छैन । यसरी  प्रमाण बेगर भुक्तानी दिने कार्य मनासिब देखिएन । उपलब्ध गराएको सफ्ट वेयर सबैको सम्बन्धित बिद्यालयबाट प्रमाण पेश हुनु पर्दछ । | |
| ५२.४. | उक्त काम सुरु गर्नु पूर्ब लक्षित समुहको अबस्था कस्तो थियो र काम सम्पन्न पश्चात के कस्तो प्रभाव वा उपलब्धि प्राप्त भयो कुनै अनुगमन मुल्याँकन भएको पाइएन । यस्तो अबस्थामा उक्त कार्यक्रमले सकारात्मक प्रभाब पारेको छ भन्ने अबस्था रहेन । | |
| ५२.५. | मिदासका कार्यक्रम  सरकारी नीति तथा कार्यक्रम अनुकल र यहाँका बिद्यार्थीका शैक्षिकस्तर बमोजिम छ तथा पाठ्यक्रम बिकास केन्द्रबाट मान्यता प्राप्त हुन भन्ने आधार प्रमाण पेश हुनु पर्नेमा भएको देखिएन । उल्लेखित व्यहोराको प्रमाण पेश हुनु पर्दछ । | |
| ५२.६. | कार्यक्रम वापत भुक्तानीका लागि पेश भएको कुल रु ४०,५८,९२१/५८ को बिल पेश भएकोमध्ये सबै रकम भुक्तानी भई सकेको देखिन्छ । सम्झौता रकम २०७५ मंसिरदेखि चैत्रसम्मका लागि भएकोमा २०७५ मंसिर १८ मा सम्झौता भएकोले सो मिति देखिको भुक्तानी गर्न सकिनेमा मंसिर १ देखिनै काम गरे सरह भुक्तानी दिएकोले भुक्तानी दिई सकेका अबधि मंसिर १८ दिनको समानुपातिक आधारमा रु ४,८७,०७०/५८ अशुल गर्नुपर्ने देखिन्छ । रु. | ४,८७,०७०।५८ |
| ५२.७. | मिदासले उपलब्ध गराएको सेवाले बिद्यार्थीमा परेको प्रभाब मुल्याँकन बेगर तथा निजले दिने सेवाको माग बिद्यालयबाट माग नै नभएको अबस्था थप अबधि काम गरेको भनि थप भुक्तानी दिनु मनासिब देखिएन । | |
| ५२.८. | कार्यालयले मिदासलाई  रु १३,३९,४३३/पेश्की उपलब्ध गराएको छ । स्पष्ट आधार/ कारण बैंक ग्यारेन्टी बेगर पेश्की उपलब्ध गराउनु मनासिब देखिएन । | |
| ५२.९. | गाउँपालिकाले उक्त तालिम संचालन गर्ने प्रयोजनका लागि स्काईहाई टेक्नोलजी ग्रुप प्रा लि दाङबाट बोलपत्रको माध्यमबाट ४७ ल्यापटप,२० प्रोजेक्टर,४७ट्याबलेट र ४७ स्पीकर रु ३१,२१,८००/ मा खरिद गरी बिभिन्न बिद्यालयलाई बितरण गरेको उल्लेख छ । उक्त सामानहरुको कर  बिजक २०७५/९/५ जारी गरी ५/२०७५/९/९ भुक्तानी दिएको छ । उक्त परिमाणका सामान प्राप्त भए पछिमात्र मिदासका कार्यक्रम संचालनका लागि अनुकुल हुनेमा सामान प्राप्त हुनु अगाबै अर्थात २०७६/८/१ बाट कार्यक्रम संचालन भएको भनि भुक्तानी दिने कार्य मनासिब देखिदैन ।<br>यस खालको तालिम  यसै जिल्लाको एक स्थानीय तहले  संचालन गर्दा कुनै सामान नै उपलब्ध नगराई तालिम सम्पन्न भएको मानी भुक्तानी दिएको देखिन्छ । एकै जिल्लामा एकै प्रकारको तालिम फरक फरक | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>तरिकाले सम्पन्न भएको भनि भुक्तानी दिनुले कार्यक्रमकै बिश्वसनियता रहने देखिएन । यस सम्बन्धमा संचालन र विधिको यर्थाथता सम्बन्धमा कार्यलयबाट एकिन हुनु पर्दछ । रु ३१,२१,८००/</td><td></td></tr>
<tr><td>५३.</td><td>धरौटी : कार्यालयले यस आ.व.मा रु.८२,१७,९४४।- धरौटी रकम फिर्ता गरेको छ। धरौटी फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता अद्यावधिक नभए पनि सहरेज्युला इजर बाघखोर कृषि सडक निर्माण उ.स.लाई रु.९९,०००।-, काफलबोट बुकिचौर खानेपानी मर्मत उ.स.लाई रु.२४,०००।- र लकुडाँडा गतेरी ठूलो मिर्नेनी खानेपानी मर्मत उपभोक्ता समितिलाई रु.१८,०००।- गरी जम्मा रु. १,४१,०००।- दोहोरो भुक्तानी गरेको रकममध्ये २ उ.स.बाट रु.१,२३,०००।- कार्यालयको धरौटी खातामा मिति २०७६।०५।१० गते फिर्ता भएको छ भने लकुडाँडा गतेरी ठूलो मिर्नेनी खानेपानी मर्मत उपभोक्ता समितिबाट धरौटी फिर्ता हुन बाँकी रु.१८,०००।-देखिएकोले फिर्ता हुनबाँकी रकम अविलम्ब फिर्ता हुनु पर्दछ। रु</td><td>१८,०००।-</td></tr>
<tr><td>५४.</td><td>खाता अद्यावधिक नभएको : धरौटी खाता अद्यावधिक हुन धरौटीको व्यक्तिगत र गोश्वारा धरौटी खाता अद्यावधिक हुनु पर्दछ। यस्तो नहुँदा धरौटीको अवस्था एकिन नभइ धरौटीको कारोबार गर्न कठिनाई हुने हुँदा । कार्यालयले व्यक्तिगत र गोश्वारा धरौटी खाता अद्यावधिक गरी राख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>५५.</td><td>पेश्की बाँकी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ बमोजिम आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र पेश्की दिन नहुने उल्लेख छ। निम्नानुसारका आर्थिक वर्षको अन्तमा पेश्की दिएको देखियो। आर्थिक वर्षको अन्तमा पेश्की दिने परिपाटीमा नियन्त्रण गरिनुका साथै नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>क.सं.</th><th>ब उ शी नं</th><th>गो भौ /मिति</th><th>पेश्की लिने</th><th>बापत</th><th>रकम</th></tr>
<tr><td>१</td><td>८०६५९५०३००१ पूँजीगत</td><td>९७/०७६/२/२४</td><td>श्री जनज्योति आधारभुत विद्यालय फुकुजिउला</td><td>भवन निर्माण</td><td>४०००००/००</td></tr>
<tr><td>२</td><td>८०६५९५०३००१ पूँजीगत</td><td>९७/०७६/२/२४</td><td>श्री बालहित आधारभुत विद्यालय हाँसु</td><td>भवन निर्माण</td><td>४०००००/००</td></tr>
<tr><td>३</td><td>८०६५९५०३००२ चालू</td><td>३३१/०७६/३/२४</td><td>स म बि नि श्री लिला शर्मा</td><td>बालबालिका प्रोफाइल निर्माण</td><td>३५००००/००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>११,५०,०००/</td></tr>
</table></td><td>११,५०,०००/</td></tr>
<tr><td>५६.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको वेरुजू रकम (रु) A</th><th>यो वर्ष फछ्र्यौट B</th><th>वाँकी C=A-B</th></tr>
<tr><td>७,०५,३७,७२५।००</td><td>९०,१८,७३६।००</td><td>६,१५,१८,९८९ ।००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>अद्यावधिक वेरुजू स्थिति : गाँउपालीकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C)</th><th>यो वर्षको सं.पं बाट कायम वेरुजू रु. (D)</th><th>यो वर्षको कायम वेरुजू (रु) (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>६,१५,१८,९८९ ।००</td><td>००</td><td>२,१५,६८,०१४/५८</td><td>८,३०,८७,००३/५८</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची- १

## सानीभेरी गाउँपालिकाको सञ्चित कोष विवरण

**२०७५।७६**

**कर्णाली प्रदेश** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | सानीभेरी गाउँपालिका | रुकुम पश्चिम | ५३९९९ | २१८५९१ | ३६३०० | ५८८२७ | ३१३७१८ | २२६०५२ | १३२६२९ | १७२५४ | ३७५९३५ | -८२१८ |

अनुसूची २

## सानीभेरी गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | रुकुम पश्चिम | सानीभेरी गाउँपालिका | ३९ | २७ | २१५६८ | ० | ० | ० | ३९ | २७ | २१५६८ | ५४८ | १९५८८ | २८२ | ० | ० | १९८७० | ० | ११५० | ११५० |

अनुसूची ३

## सानीभेरी गाउँपालिकाको अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सानीभेरी गाउँपालिका | रुकुम पश्चिम | ७०५३७७२५ | ९०१८७३६ | ६१५१८९८९ | ० | २१५६८०१४.५८ | ८३०८७००३.६५ |